स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिका

खण्ड ४, संख्याः ६ पौष २९ गते , २०७७ साल

## भाग-२

# सरुमारानी गाउँपालिकाको कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

गाउंपालिकालाई प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजश्व अनुदान, आन्तरिक आय, विशेष एवं समपुरक अनुदानका साथै गाउंपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले यो कार्यविधि तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७ रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ।

२. **उद्देश्य :**

कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

ख) दफा ४ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

ङ) कन्टिजेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न, आदि ।

३. **कन्टिजेन्सी रकमको व्यवस्थाः**

गाउंपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिजेन्सी वापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ४ मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

४. **खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई गाउंपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा खाना खर्च,

ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा प्राविधिक सामाग्री खरिद,

ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

ङ) गाउंपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

च) लेखापरीक्षण सम्बन्धी खर्च,

छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखीकरण/तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

ञ) परामर्श सेवा, पुजीगत परामर्श सेवा अन्तरगतका खर्चहरु,

ट) अन्य विविध खर्च

५. **कन्टिजेन्सी रकमको खर्च प्रकृतिः**

योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ४५ प्रतिशत र पूंजीगत कम्तिमा ५५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

६. **कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः**

गाउँपालिकाबाट आगामी आ.व. का लागि बजेट तर्जुमा गर्दा कन्टिन्जेन्सी वापतको रकम पहिले नै छुट्याई राखिनेछ, त्यसरी शुरुमा नै कन्टिन्जेन्सी रकम विनियोजन नभएको अवस्थामा गाउंपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्याक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाव गरी सो को लगत राखिनेछ।

७. **थपघट, हेरफेर वा संशोधनः**

विद्यान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

८. <u>बाधा अड्काउ फुकाउने अधिकार</u>

**क)** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विद्यान समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ।

**ख)** तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन्।

९. **<u>यसै बमोजिम भए गरेको मानिनेः</u>**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मितिः** २०७७/०९/२९